फोन नं.: ४२११२०६, ४२००००३
४२११२६६
फ्याक्स: ०१-४२११२१६

नेपाल सरकार

# गृह मन्त्रालय

(स्थानीय प्रशासन शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- स्था. प्र. ०७४/७५
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १०२

मिति: २०७४/०५/१९

विषय : निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय
सबै ।

संस्था दर्ता ऐन, २०३४ तथा संस्था दर्ता नियमावली, २०३४ अनुसार नयाँ संस्था दर्ता र नवीकरण गर्ने क्रममा वर्तमान संवैधानिक व्यवस्था अनुसार कायम भएका स्थानीय तह मध्ये गाँउपालिका, नगरपालिका र जिल्ला सभामध्ये कुन निकायको सिफारिस लिने भन्ने सम्बन्धमा केही द्विवीधा उत्पन्न भई संस्था दर्ता र नविकरण गर्न केही कठिनाई भएको आसय सहित जिल्ला प्रशासन कार्यालय, कैलालीबाट आवश्यक निर्देशन समेत माग भएको सन्दर्भमा तपसिल बमोजिमका बुँदाहरुको कार्यान्वयन गर्न गराउन हुन मिति २०७४/०५/०७ को निर्णयानुसार अनुरोध छ ।

<u>तपसिल</u>

१. <u>संस्था दर्ता गर्ने सम्बन्धमा</u>

क. संस्थाको केन्द्रीय कार्यालय रहने सम्बन्धित स्थानीय तहको सिफारिसपत्र लिई दर्ता गर्ने ।

२. <u>संस्था नवीकरण गर्ने सम्बन्धमा</u>

क. संस्थाले आफ्नो कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको सिफारिसका आधारमा गर्ने ।

ख. संस्थाले जिल्लाभित्रका १ भन्दा बढी स्थानीय तहमा कार्यक्रम सञ्चालन हुने अवस्था रहेमा सबैभन्दा धेरै कार्यक्रम सञ्चालन हुने स्थानीय तहको सिफारिसका आधारमा गर्ने ।

ग. कुनै संस्थाको कुनै वर्ष केही पनि कार्यक्रमहरु सञ्चालन नै नभएको अवस्थामा केन्द्रीय कार्यालय रहेको स्थानीय तहको सिफारिसका आधारमा नविकरण गर्ने ।

३. साथै स्थानीय तहको निर्वाचन नभएका क्षेत्र, जिल्लाहरुमा पूर्ववत आधारमा गर्ने ।

(जयराज भण्डारी)
शाखा अधिकृत

D:\LocalAdmin\Nepali Letter 074-75.docx